# शुक्लाफाँटा नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
झलारी,कंचनपुर
सुदुरपस्चिम प्रदेश

मिति : २०७७/०४/२८

प.स २०७७/२०७८
च.नं. ११२

**बिषय : विवरण उपलब्ध गराइदिने सम्बन्धमा**

श्री वडा कार्यालय (सबै)

प्रस्तुत विषयमा शहरी बिकास मन्त्रालय को च.न. २२५२ मिति २०७७/०३/१५ र च.न. २०८२ मिति २०७७/०१/३१ को सुरक्षित नागरिक आवास कार्यक्रम संचालनको लागि विवरण उपलब्ध गराउन परिपत्र गरिदिने सम्बन्धि पत्र यसै साथ् संग्लग्न छ | सो अनुसार विवरण यस नगरपालिकामा प्रेषित गरिदिनुहुन तथा आवश्यक समन्वयको लागि आदेशानुसार अनुरोध छ |

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री सुचना तथा प्रविधि साखा ,(पत्र वेभसाइटमा अपलोड गरिदिनुहुन )

विशनसिंह थापा
प्रमुख प्रसाश्कीय अधिकृत

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

फोन नं.: ४२११६७३, ४२११५६०, ४२११८८३

फ्याक्स: ९७७-१-४२००२४६

सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्या:-

चलानी नं.:- २०८२

मिति:- २०७७/१/३१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार ।

**विषय: परिपत्र गरिदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा, नेपाल सकार (मन्त्रिपरिषद्) को मिति २०७६।११।२८ को निर्णयानुसार सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि। २०७५ मा संशोधन भएको व्यहोरा अनुरोध छ

उक्त कार्यविधि अनुसार सुरक्षित नागरिक आवास कार्यक्रम संचालनको लागि निवेदन संकलनको सूचना प्रकाशन गर्ने, निवेदन गर्ने, लाभग्राही घरधुरी सर्वेक्षण गरी संघीय आयोजना कार्यान्वयन ईकाई/सघन शहरी तथा भवन निर्माण आयोजना पठाउने, छनौट भएका लाभग्राहीको सूचना प्रकाशन गर्ने, लाभग्राही संग सम्झौता गरी निर्माण कार्य गराउने र कार्य प्रगतिको आधारमा रकम भुक्तानी गर्ने समेतका कार्यहरु स्थानीय तह मार्फत गरिने र उक्त संशोधित कार्यविधि शहरी विकास मन्त्रालयको वेभ साईट www.moud.gov.np मा लगईन गरी प्राप्त गर्न सकिने व्यहोराको जानकारी स्थानीय तहहरुलाई दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत परिपत्र गर्न साथै उक्त संशोधित कार्यविधिको दफा ११ को उपदफा (च) मा प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र यस कार्यविधि बमोजिमका सम्भावित लाभग्राहीको संख्या (वडागत आधारमा) मिति २०७७ असोज मसान्त भित्र संघीय आयोजना कार्यान्वयन ईकाई वा सघन शहरी भवन निर्माण आयोजना मार्फत विभागमा उपलब्ध गराउने व्यवस्था रहेको हुंदा सोही अनुसार उपरोक्त कार्यालय वा सम्बन्धित स्थानीय तहलाई संघीय आयोजना आयोजना कार्यान्वयन ईकाई वा सघन शहरी भवन निर्माण आयोजनासंग आवश्यक समन्वय गरी यस शाखाको ई-मेल ठेगाना dudbcawas@gmail.com मा सुरक्षित नागरिक आवाशको आवश्यक संख्या उपलब्ध गराउन स्थानीय तहलाई तहां मार्फत परिपत्र गरिदिन अनुरोध गरिदिनु हुन भनी शहरी विकास तथा भवन निर्माण विभागको च.नं. १९६ मिति २०७७।१।१६ को पत्रबाट लेखि आएको हुंदा लेखि आए बमोजिम परिपत्र गरिदिने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

(टीकाराम ढकाल)
उप सचिव

बोधार्थ

श्री शहरी विकास तथा भवन निर्माण विभाग

आवाश शाखा,

बवरमहल ।